नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक १०३ २०८३ साल मंसिर ३ गते बिहीबार (19 Nov 2026 Thursday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विद्यालयीकरणको चपेटामा.. ३ पृष्ठमा : डोम समुदायको परम्परागत पेसामा ... ३ पृष्ठमात्रिपक्षीय शिखर सम्मेलन ...

रवि नपा नक्सा शाखाका कर्मचारी साहको निधन

शोकमा कार्यालय मातहतका सबै वडा तथा स्वास्थ्य संस्था बन्द

दैनिक समाचारदाता
राजविराज, २ मंसिर ।

राजविराज नगरपालिका नक्सा शाखामा कार्यरत ओम प्रकाश साहको मंगलबार राती निधन भएको छ ।

राजविराज वडा नं. ३ निवासी साह केही समयदेखि विरामी भई उपचाररत रहेका थिए । सोही क्रममा उनको निधन भएको हो ।



उनको निधनमा बुधबार नगरपालिकाको कार्यालयको अति आवश्यक सेवा बाहेक मातहतका सम्पूर्ण वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा शोक विदा दिइएको छ ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनद्वारा जारि शोक विज्ञप्तिमा साहको असामयिक निधन भएको खबरले राजविराज नगरपालिका परिवार स्तब्ध एवं अत्यन्तै दुःखी र मर्माहत भएको उल्लेख गर्दै उहाँको कार्यकौशल तथा सहयोगी भावना स्मरण गर्दै भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गरिएको छ ।

विज्ञप्तिमा "यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, आफन्त तथा इष्टमित्रप्रति राजविराज नगरपालिका परिवार हार्दिक समवेदना व्यक्त गर्दछौं ।" उल्लेख छ ।

एक सातादेखि बेपत्ता पुरुषको शव फेला

दैनिक समाचारदाता
सिरहा, २ मंसिर ।

सिरहाको गोलबजार नगरपालिका ६ सैनिक चोक नजिकैको पोखरीमा एक सातादेखि बेपत्ता पुरुषको शव फेला परेको छ ।

मृतक पुरुष गोलबजार नगरपालिका ३ भाङबारीका ४५ वर्षीय महेन्द्र चमार रहेको प्रहरीले जनाएको छ । बुधबार पोखरीमा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

परिवारका अनुसार चमार भाइटीकाको भोलिपल्टदेखि सम्पर्कविहीन थिए । इलाका प्रहरी कार्यालय गोलबजारबाट प्रहरी निरीक्षक दीपक खरेलको नेतृत्वमा पुगेको टोलीले शव पोखरीबाट निकालेको थियो ।

प्रहरीका अनुसार शवको अवस्था हेर्दा करिब एक साताअघि नै पोखरीमा रहेको हुन सक्ने प्रारम्भिक अनुमान छ । मजदुरीका क्रममा कतै बसेको हुन सक्ने आशंकामा परिवारले प्रहरीमा हराएको उजुरी दिएका थिएनन् ।

मृत्युको कारण भने खुल्न सकेको छैन । शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

कार्कीको रिटमा सर्वोच्चद्वारा कारण देखाउ आदेश जारी

काठमाडौं, २ मंसिर (रासस) ।

सर्वोच्च अदालतले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई सो पदबाट हटाएर प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त गर्ने सरकारको निर्णयमा कारण देखाउ आदेश जारी गरेको छ ।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार कारण देखाउ आदेश जारी गर्दै रिट निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा निर्णय गर्न दुवै पक्षलाई छलफलका लागि बोलाउने आदेश गरेको हो ।

यसैसन्दर्भमा अदालतले सूचना म्याद तामेल भएको मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न सरकारलाई आदेश दिएको हो ।

गत कात्तिक १८ गतेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई प्रहरी महानिरीक्षकको जिम्मेवारीबाट हटाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त गर्ने र रिक्त प्रहरी महानिरीक्षकमा डा मनोज केसीलाई नियुक्त गर्ने निर्णय गरेको थियो ।

सरकारले आफूलाई कुनै पूर्वसूचना नदिई तथा सुनुवाइको अवसर प्रदान नगरी प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ विपरीत पदबाट हटाएको जिकिर गर्दै कार्कीले गत कात्तिक २० गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । सो विषयमा अदालतले यही मङ्सिर ७ गते पेशी तोकेको छ ।

बाल विवाहलाई पुनःपरिभाषित गर्न माग

काठमाडौं, २ मंसिर (रासस) ।

मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको प्रस्तावित विधेयकमा विवाहको उमेर १८ वर्ष कायम गर्न र बालविवाहलाई पुनःपरिभाषित गर्न सुझाव दिइएको छ ।

संविधानको मर्मअनुरूप कानुन निर्माण गर्न विवाहको उमेरसम्बन्धी व्यवस्था स्पष्ट बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका हुन् । महिला, कानुन र विकास मञ्च र इक्विलिटी नाउले मंगलबार संयुक्त रूपमा आयोजना गरेको अन्तरक्रियामा उक्त सुझाव दिइएको हो । कार्यक्रममा संविधानको मर्मअनुसार मुलुकी अपराध संहिता र बालबालिकासम्बन्धी ऐन, २०७५ बीच एकरूपता कायम गर्नुपर्ने विषय उठाइएको थियो ।

संविधानको धारा ३९ (५)ले बालबालिकाको हक सुरक्षित गरेको छ । तर मुलुकी अपराध संहिता र बालबालिकासम्बन्धी ऐनका केही व्यवस्था संविधानले सुनिश्चित गरेको बालअधिकारसँग बाझिएको मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताउनुभयो ।

"कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार पारेको विधेयकमा बालविवाहलाई पुनःपरिभाषित र विवाहको उमेरमा पुनर्विचार गरिनुपर्छ । संविधानको मर्मसँग बाझिने गरी कानुन निर्माण हुन सक्दैन," उहाँले भन्नुभयो ।

मन्त्रालयले प्रस्ताव गरेको मुलुकी अपराध संहिता संशोधन विधेयकको दफा १७३ मा २० वर्ष नपुगी विवाह गर्न नपाइने व्यवस्था गरिएको छ । तर उपदफा २ (क)मा १८ वर्षभन्दा कम उमेरमा विवाह गरे वा गराएमा मात्र सजाय हुने व्यवस्था राखिएको छ । यसले विवाहको उमेर १८ वर्षभन्दा माथि रहेको अर्थ लाग्ने भएकाले कानुनी व्यवस्थामा स्पष्टता आवश्यक रहेको अधिवक्ता श्रेष्ठले सुनाउनुभयो । यस्ता कानुनी अस्पष्टता राख्नुभन्दा सर्वसाधारणले सहजै बुझ्न सक्ने स्पष्ट भाषामा कानुनको व्यवस्था गर्नु उपयुक्त हुनेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा बालविवाह गरेका बालबालिकालाई नै कसूरदार ठहर गर्ने कानुनी

बाँकी अन्तिम पृष्ठमा

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सप्तरीमा नयाँ उद्योग स्थापनाको पहल आवश्यक

सप्तरी जिल्ला कृषि, व्यापार तथा प्राकृतिक स्रोतका दृष्टिले सम्भावना बोकेको जिल्ला हो । तर पर्याप्त उद्योगधन्दा स्थापना हुन नसक्दा यहाँको आर्थिक विकासले अपेक्षित गति लिन सकेको छैन । जिल्लामा उपलब्ध कच्चा पदार्थ, कृषि उत्पादन र श्रमशक्तिको उचित उपयोग हुन नसक्नु दुःखद पक्ष हो । सप्तरीमा धान, गहुँ, मकै, जुट, आँप, तरकारी लगायतका कृषि उत्पादन प्रशस्त हुने सम्भावना छ । तर किसानले उत्पादन गरेको वस्तुको उचित मूल्य पाउन सकेका छैनन् । कृषि उपज प्रशोधन गर्ने उद्योग, चिस्यान केन्द्र, खाद्य उत्पादन उद्योग तथा कृषि औजार बनाउने उद्योग स्थापना गर्न सके किसानले बजार पाउनेछन् भने स्थानीय स्तरमै रोजगारी सिर्जना हुनेछ ।

उद्योगधन्दा नहुँदा जिल्लाका हजारौँ युवा रोजगारीको खोजीमा वैदेशिक रोजगार तथा अन्य सहरतर्फ जान बाध्य छन् । स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गर्न सके युवाशक्ति पलायन रोक्न सहयोग पुग्नेछ । यसले जिल्लाको आर्थिक गतिविधि बढाउनुका साथै व्यापार व्यवसायलाई समेत चलायमान बनाउनेछ । सप्तरीको सम्भावनालाई ध्यानमा राखेर साना, मझौला तथा ठूला उद्योग स्थापनाका लागि औद्योगिक क्षेत्र विकास गर्न आवश्यक छ । उद्योग स्थापना गर्ने विषय भाषण र घोषणामा मात्र सीमित नभई कार्यान्वयनमा जानुपर्छ ।

तसर्थ सप्तरीमा नयाँ उद्योग स्थापना गर्ने पहललाई प्राथमिकतामा राख्नु आजको आवश्यकता बनेको छ । यसका लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले आपसी समन्वय गरेर औद्योगिक विकासको स्पष्ट योजना बनाउनुपर्छ । उद्योग स्थापनाका लागि आवश्यक जग्गा, विद्युत्, सडक, खानेपानी, सुरक्षा तथा लगानीमैत्री वातावरण सुनिश्चित गर्नुपर्छ । निजी क्षेत्रका लगानीकर्तालाई आकर्षित गर्न कर छुट, सहुलियतपूर्ण ऋण र आवश्यक प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

विद्यालयीकरणको चपेटामा प्रारम्भिक बाल विकास र बालशिक्षा

डा बालचन्द्र लुइटेल, डा रुपा मुनाकर्मी र बबिता महर्जन
काठमाडौँ, २ मंसिर (रासस) ।

प्रारम्भिक बाल विकास र बाल शिक्षा (इसिइडी) को प्राथमिक ध्येय बालबालिकाको सर्वाङ्गीण (शारीरिक, संवेगात्मक, सामाजिक, भाषिक तथा संज्ञानात्मक) उन्नति हासिल गराउनु हो । यस्तो विकास पाठ्यपुस्तक कण्ठ पार्ने परिपाटीबाट नभई खेल, जिज्ञासा, स्वतन्त्र खोज र स्नेहमय अन्तरक्रियाद्वारा सम्भव हुन्छ । यद्यपि, नेपालमा विगत दुई दशकयता इसिइडीका कार्यक्रमहरू तीव्र रूपमा विद्यालयीकरण (स्कुलिफिकेशन)को सिकार बनिरहेका छन् । विद्यालयीकरण भन्नाले प्रारम्भिक बाल्यकालको सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाली डेस्क-बेन्च, किताब-कापी, गृहकार्य एवं परीक्षातर्फ मोड्ने अनि बालबालिकाको प्राकृतिक खेल, सिर्जनशीलता र बालसुलभतालाई पाखा लगाउने अभ्यास हो । हामीले विभिन्न मञ्चहरूमा यस विद्यालयीकरण र औपचारिक विद्यालयजस्तो बनाउने प्रवृत्तिप्रति निरन्तर ध्यानाकर्षण गराउँदै यसले इसिइडीलाई केवल 'विद्यालय प्रवेशको तयारी' मा सीमित तुल्याएको कुरा प्रस्ट पार्दै आएका छौं ।

बाल्यकाललाई वयस्क जीवनको तयारीका रूपमा मात्र बुझ्नु हुँदैन । बाल्यकाल आफैंमा पूर्ण, अर्थपूर्ण र अधिकारसम्पन्न जीवनको अवस्था हो । त्यसैले इसिइडीको सफलता बालबालिकाले कति अक्षर चिने, कति शब्द लेखे वा कति गणितीय प्रश्न हल गरे भन्ने आधारमा मात्र मापन गर्न सकिँदैन । उनीहरू कति सुरक्षित, आत्मविश्वासी, जिज्ञासु, सिर्जनशील, आत्मनिर्भर र सामाजिक रूपमा सक्रिय बने भन्ने कुरा उत्तिकै महत्वपूर्ण हुन्छ । यस अर्थमा बाल्यकालको संरक्षण, सम्मान र प्रवर्द्धन इसिइडीको शैक्षिक मात्र नभई नैतिक, सामाजिक र अधिकारसम्बन्धी दायित्व पनि हो ।

विद्यालयीकरणका स्वरूपहरू

विद्यालय तयारी (स्कुल रेडिनेस) र विद्यालयीकरण (स्कुलिफिकेसन) समानार्थ अवधारणा होइनन् । विद्यालय तयारी भन्नाले बालबालिका विद्यालय प्रवेश गर्दा आवश्यक पर्ने आधारभूत शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा संज्ञानात्मक क्षमताको समग्र विकासलाई बुझिन्छ । यसको विपरीत विद्यालयीकरणले प्रारम्भिक बाल्यकालकै सिकाइलाई औपचारिक विद्यालयको पाठ्यक्रम, समयतालिका, अनुशासन, परीक्षा र उपलब्धिमुखी प्रतिस्पर्धाको ढाँचामा सीमित गर्छ । वास्तविक विद्यालय तयारी बालबालिकालाई विद्यालयको दबाबअनुसार ढाल्नु होइन, विद्यालयलाई बालबालिकाको विकासात्मक आवश्यकता र विविधता (डिएपी) अनुसार तयार गर्नु हो । नेपालमा विद्यालयीकरण चार प्रमुख स्वरूपहरूमा प्रकट भएको पाइन्छ ।

क. स्थानीय सांस्कृतिक तथा सामाजिक सन्दर्भ

यसमा आयातित मोडेलहरूको अन्धाधुन्ध प्रयोगलाई लिन सकिन्छ । विशेषगरी विकसित भनिएका शैक्षिक प्रणालीबाट सीधै अनुकरण गरिएका प्रि-स्कुल र तथा कथित 'इन्टरनेसनल' पाठ्यक्रमहरूलाई नेपाली भाषा, स्थानीय परिवेश, मौलिक संस्कृति र बालबालिकाको दैनिक जीवन जगतसँग जोड्ने कुनै गम्भीर प्रयास नगरी तिनिहरूलाई अँगाल्ने प्रवृत्ति व्यापक रूपमा बढेको छ । यसले इसिइडीलाई बालबालिकाको स्वाभाविक विकासको माध्यम बनाउनुको सट्टा एउटा 'आयातित परियोजना' मा सीमित गरिदिएको छ ।

ख. औपचारिक शैक्षिक सामग्रीको अत्यधिक प्रयोग

चार वर्षभन्दा कम उमेरका साना बालबालिकाका लागि पनि पाठ्यपुस्तक, अभ्यास पुस्तिका, कापी र निरन्तरको लेखन अभ्यासलाई अनिवार्य बनाउने प्रवृत्ति व्यापक छ । यस उमेरमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि खेलकुद, चित्रकला, कथा गायन तथा सामाजिक अन्तरक्रिया मुख्य माध्यम हुनुपर्नेमा थ्री आर (पढ्ने, लेख्ने र गणितीय गणना गर्ने) लाई नै सिकाइको मुख्य मानक मान्ने गरिएको छ । यसले गर्दा बालबालिकाको स्वाभाविक जिज्ञासा, सिर्जनशीलता र मौलिक सोच कुण्ठित हुन पुगेको छ ।

ग. कक्षा संरचना र मूल्याङ्कनको अत्यधिक विद्यालयीकृत ढाँचा

प्रारम्भिक बाल विकास र बालशिक्षा केन्द्रहरूमा पनि साना बालबालिकालाई उमेर (अनुकूल खुला तथा लचिलो वातावरण दिनुको सट्टा औपचारिक विद्यालय जस्तै कडा कक्षा संरचनामा बाँध्ने गरिएको पाइन्छ । विद्यालयकृत बेन्च डेस्कको संरचनाले उनीहरूको शारीरिक तथा प्राकृतिक सिकाइको चाहनालाई पूर्णरूपमा नियन्त्रण गर्छ ।

घ. कानुनी व्यवस्था

नेपालको विद्यमान कानुनी व्यवस्थाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा सुनिश्चित गरेको छ । राष्ट्रिय प्रारम्भिक बाल विकास रणनीति, २०७७-२०८८ ले गर्भावस्थादेखि आठ वर्षसम्मको अवधिलाई समेट्दै स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, हेरचाह र प्रारम्भिक सिकाइलाई एकीकृत रूपमा हेरेको छ । यस सन्दर्भमा चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि आवश्यक विकास अनुकूल हेरचाह (केयर) सुरक्षित वातावरण, पोषण, खेल र सामाजिक अन्तरक्रियाका अवसरहरूलाई पनि राज्यको नीतिगत जिम्मेवारीभित्र समेटिनुपर्छ ।

विशेषगरी घरबाहिर काम गर्ने अभिभावक, न्यून आय भएका परिवार र जोखिममा रहेका समुदायका बालबालिकाका लागि गुणस्तरीय बाल हेरचाह केन्द्रको व्यवस्था आवश्यक छ । यसरी (इसिइडी) लाई एक वर्षको विद्यालय प्रवेशपूर्व कार्यक्रमका रूपमा मात्र नभई जन्मदेखि आठ वर्षसम्मको निरन्तर र एकीकृत विकास प्रक्रियासँग जोडेर बुझ्नुपर्छ । एकीकृत विकासको दृष्टिकोणलाई बेवास्ता गरी अधिकांश अभिभावकहरूमा 'जति धेरै वर्ष पढाउन सकियो र जति छिटो औपचारिक कापी-कलम समात्न लगाइयो, उति नै राम्रो इसिइडी हुन्छ' भन्ने गलत धारणा व्याप्त छ । अभिभावकको यही मानसिकताले प्रारम्भिक बाल विकासलाई एउटा गलत शिक्षा परियोजनना (मिसएजुकेशन प्रोजेक्ट) मा परिणत गरिएको छ ।

विद्यालयीकरणलाई अभिभावकको व्यक्तिगत चाहना वा विद्यालयको शिक्षण अभ्यासमा मात्र सीमित गरेर बुझ्नु पनि पर्याप्त हुँदैन । यो नेपालको शिक्षा प्रणालीभित्र विकसित हुँदै गएको एउटा संरचनागत समस्या पनि हो । निजी शैक्षिक संस्थाहरूबीचको प्रतिस्पर्धा, अङ्ग्रेजी माध्यमप्रतिको सामाजिक आकर्षण, छिटो शैक्षिक उपलब्धि देखाउने दबाब, व्यावसायिक पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बजार र प्रारम्भिक बाल शिक्षामा प्रभावकारी नियमनको अभावले विद्यालयीकरणलाई थप संस्थागत बनाएका छन् । यसरी बाल्यकाल क्रमशः शैक्षिक प्रतिस्पर्धा र उपभोगको वस्तुमा रूपान्तरण हुने जोखिम बढेको छ । त्यसैले विद्यालयीकरणको समाधानका लागि अभिभावक सचेतना मात्र पर्याप्त हुँदैन, शिक्षा प्रणाली, संस्थागत अभ्यास, नियमन र बजार संरचनामा समेत परिवर्तन आवश्यक छ ।

विद्यालयीकरणका गम्भीर प्रभावहरू

विद्यालयीकरणले प्रारम्भिक बाल विकासका लक्ष्यहरूलाई विकृत मात्र गरेको छैन, यसले बालबालिकाको विकासमै दीर्घकालीन मुख्यगरी निम्न नकारात्मक असर पुऱ्याएको देखिन्छ:

संज्ञानात्मक र सामाजिक-संवेगात्मक विकासमा नकारात्मक असर

नेपाली इसिइडीका सन्दर्भमा विद्यालयीकरण मुख्यतया चार स्वरूपमा प्रकट भएको पाइन्छ । पहिलो, रैथाने ज्ञान र स्थानीय परिवेशलाई बेवास्ता गर्दै पश्चिमा तथा आयातित प्रि-स्कुल मोडेलहरूको अन्धाधुन्ध प्रयोग गर्नु । दोस्रो, चार वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि घोकाउने र औपचारिक कापी किताब तथा गृहकार्यको भार थोपर्नु । तेस्रो, कक्षा संरचना, शिक्षक-केन्द्रित कण्ठा गर्ने शिक्षण विधि र प्राप्ताङ्कमा आधारित नतिजामुखी मूल्याङ्कन ढाँचा अँगाल्नु । चौथो, अतिरिक्त व्यापारिक कक्षाहरू सञ्चालन गरी प्रारम्भिक बाल शिक्षाको मानमर्दन गर्नु ।

तनाव र मनोवैज्ञानिक भार

प्रारम्भिक बाल्यकालमा बालबालिकामाथि थोपरिने अत्यधिक विद्यालयीकरणले उनीहरूको मानसिक र मनोवैज्ञानिक स्वास्थ्यमा गम्भीर नकारात्मक असर पारिरहेको छ । साना बालबालिकाले छिटो अक्षर चिन्नु, अङ्ग्रेजी बोल्नु वा धेरै हिसाब गर्नुलाई नै उत्कृष्ट बाल विकास मान्ने गलत धारणाका कारण विद्यालयहरू पनि कण्ठ गर्ने प्रणाली र विधि अपनाउन बाध्य छन् । सरकारले पनि सही पैरवी र स्रोतको व्यवस्था गर्न उदासिन रहँदा यो क्षेत्रको सही विकास भएको देखिन्न । पाँच वर्ष वा सोभन्दा कम उमेरका साना बालबालिकालाई उनीहरूको विकासक्रम अनुकूल नहुने गरी 'कक्षा १' वा सोभन्दा माथिल्लो तहको कठिन पाठ्यक्रम घोकाउने, दैनिक कापी-कलममा सीमित गराई अनिवार्य गृहकार्य दिने र लिखित परीक्षाको सामना गर्न बाध्य पारिँदा उनीहरूमा निरन्तरको चिन्ता, मानसिक तनाव र असफलताको डर पैदा हुन्छ ।

दबाब र असमानताको विस्तार

इसिइडीमा देखिएको अत्यधिक विद्यालयीकरणले बालबालिकाको समग्र मानसिक स्वास्थ्य, संवेगात्मक विकास र सामाजिक सम्बन्धहरूमा गम्भीर असर पारिरहेको छ । साना बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा माथिल्लो स्तरको औपचारिक पाठ्यक्रम घोकाउने, दैनिक गृहकार्यको बोझ थोपर्ने तथा लिखित परीक्षाको सामना गर्न बाध्य पारिने अभ्यासले उनीहरूमा मानसिक तनाव र चिन्ता सिर्जना गर्दछ ।

प्रारम्भिक बालविकासमा सरकारको कम लगानीले एक प्रकारको विषम अवस्था उत्पन्न भएको छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिका महँगा निजी प्रि-स्कुलको प्रतिस्पर्धामा पछि पर्ने अवस्था सिर्जना हुन्छ । ठिकै शुल्क लिएर चलाइएका निजी, सामुदायिक र धेरै शुल्क असुल्ने (इसिइडी) केन्द्रहरूबीचको शुल्कमा भएको खाडलले प्रारम्भिक वर्षदेखि नै सामाजिक विभाजनलाई संस्थागत गर्न सक्छ । इसिइडी क्षेत्रमा सरकारले लगानी बढाई स्रोतको सुनिश्चितताका साथ गरिब परिवारका बच्चाहरूका लागि गुणस्तरीय इसिइडीको व्यवस्था गर्नु जरूरी छ ।

सांस्कृतिक विरासत र भाषिक पहिचानको क्षय

विद्यालयीकृत इसिइडीले नेपाली र मातृभाषा, लोककथा, स्थानीय खेल र सामुदायिक ज्ञान प्रणालीलाई पाठ्यक्रमबाट बाहिर पार्दै लगेको छ । साना बालबालिकालाई उनीहरूको मौलिक परिवेशबाट टाढा राखेर आयातित, अङ्ग्रेजी माध्यम वा औपचारिक ढाँचाका विषयवस्तु घोकाउनाले उनीहरू आफ्नै भाषिक जग र सांस्कृतिक पहिचानबाट विमुख हुने खतरा बढेको छ । बालबालिकाले मातृभाषा वा स्थानीय भाषामार्फत अभिव्यक्ति व्यक्त गर्ने प्राकृतिक अवसर नपाउँदा उनीहरूको भाषिक सामर्थ्य, मौलिक शब्दावली र अभिव्यक्ति क्षमतामा सङ्कुचन आउँछ ।

यसैगरी, हाम्रा रैथाने लोककथा, गीतिकथा र हजुरआमा हजुरबाबाले सुनाउने परम्परागत दन्त्यकथाहरू ओझेलमा पर्दै गएका छन् । यी लोककथाहरू केबल मनोरञ्जनका साधन मात्र नभई जीवनमूल्य, नैतिकता र सामाजिक दायित्व हस्तान्तरण गर्ने महत्वपूर्ण माध्यम थिए । साथै, घुर्रा, डन्डीबियो, चङ्गा, गट्टा, र चुङ्गीजस्ता स्थानीय तथा परम्परागत खेलहरूले बालबालिकाको शारीरिक सुगठन, सामूहिक भावना, सहकार्य र सामाजिक सीपको विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँथे । यसका साथै, स्थानीय कालीगढ, किसानहरूले प्रयोग गर्ने व्यावहारिक एवं सामुदायिक ज्ञान प्रणालीलाई समेत ओझेल पारिएको छ ।

कार्यक्रम बढ्दै, गुणस्तर खस्कँदै

नेपालमा विगत केही दशकयता इसिइडी कार्यक्रमहरूको सङ्ख्यात्मक विस्तार व्यापक रूपमा भएको छ । सार्वजनिक तथा निजी दुवै क्षेत्रबाट बाल विकास केन्द्र तथा प्रि-स्कुलहरूको पहुँच गाउँ-गाउँसम्म पुगेको छ । जति-जति कार्यक्रमहरूको विस्तार हुँदैछ, उति-उति बाल शिक्षाको मौलिक मर्म र गुणस्तर भने खस्कँदो अवस्थामा पुगेको छ । विशेष गरी शिक्षा ऐनको आठौँ संशोधनपश्चात् प्रारम्भिक बाल विकास केन्द्रहरूलाई औपचारिक विद्यालय ढाँचाभित्र समायोजन गरियो ।

नेपालको प्रारम्भिक बाल विकास तथा शिक्षाको वर्तमान अवस्थाले पहुँच र गुणस्तरबीचको अन्तरलाई पनि उजागर गर्छ । युनिसेफको 'स्कुल रेडिनेस रिपोर्ट'मा प्रस्तुत शैक्षिक वर्ष २०२३/२४ को तथ्याङ्कअनुसार नेपालमा ४० हजार ६८४ प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा थिए । तीमध्ये ८१.२ प्रतिशत सरकारी वा सामुदायिक र १८.७ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित थिए । यसै अवधिमा प्रारम्भिक बाल शिक्षाको कुल भर्नादर ९९.९ प्रतिशत पुगेको देखिन्छ तर उच्च भर्नादरले मात्र बालबालिकाले प्राप्त गरिरहेको सिकाइको गुणस्तर, अनुभव र विकासात्मक अवसर सुनिश्चित गर्दैन ।

तीन चार वर्षका बालबालिकालाई कापी कलम समात्न लगाएर अक्षर र अङ्क घोकाउने, गृहकार्यको बोझ दिने र लिखित परीक्षाका आधारमा मूल्याङ्कन गर्ने विकृत परिपाटीले व्यापकता पाएको छ । यसले अब नेपालको इसिइडी बहस पहुँच विस्तारबाट गुणस्तरीय, समावेशी, अर्थपूर्ण र विकासअनुकूल सिकाइ अनुभवतर्फ केन्द्रित हुनुपर्ने आवश्यकता देखाउँछ ।

स्नातकदेखि विद्यावारिधिसम्मको संरचना

यस विरोधाभासलाई चिर्ने प्रण गर्दै निजी, सामुदायिक र सरकारी पक्षसँगको सहकार्यमा काठमाडौँ विश्वविद्यालयको शिक्षा सङ्काय (कुसोड) ले इसिइडीमा स्नातकदेखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । यसको मुख्य उद्देश्य पश्चिमा वा आयातित अभ्यासहरू र विद्यालयीकरणलाई चुनौती दिँदै नेपालको स्थानीय, सांस्कृतिक तथा सामाजिकसन्दर्भ अनुकूल इसिइडीको विकास गर्नु हो ।

गएको तीन वर्षमा कुसोड अन्तर्गतको समावेशी शिक्षा, प्रारम्भिक बाल विकास तथा व्यावसायिक अध्ययन विभाग (डिआइइपी) ले (इसिइडी) मा स्नातकदेखि विद्यावारिधिसम्मको एउटा पूर्ण शैक्षिक सोपान निर्माण गरेको छ । यसअन्तर्गत पिएचडी, इएमफिल, स्नातकोत्तर (१ र २ वर्षे), पिजिडी, ब्रिज कोर्ष र स्नातक (४ वर्षे) जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त भर्खरै युनेस्को चेयर अन्तर्गत (इसिइडी) लगायत अन्य

बाँकी तीन पृष्ठमा

डोम समुदायको परम्परागत पेसामा अन्य समुदायको आकर्षण

अजयकुमार साह

धनुषा, २ मंसिर (रासस)।

तराई मधेसका गाउँबस्तीमा बाँसबाट बनेका ढक्की, डालो, नाइलो, सुप्पा र अन्य सामग्रीको प्रयोग परापूर्वकालदेखि हुँदै आएको छ। घरायसी कामकाजदेखि धार्मिक तथा सांस्कृतिक गतिविधिसम्म बाँसका सामग्रीको विशेष महत्व छ। विशेषगरी छठ, विवाह, ब्रतबन्धलगायत पर्व तथा संस्कारमा बाँसबाट बनेका सामग्रीको प्रयोग अनिवार्यजस्तै मानिन्छ। यस्ता सामग्री बनाउने पेसा भने परम्परागत रूपमा डोम समुदायसँग जोडिँदै आएको छ।

पुस्तौँदेखि बाँसको चोया निकालेर विभिन्न सामग्री बुन्ने काम गर्दै आएका डोम समुदायका लागि यो पेसा जीविकोपार्जनको प्रमुख आधार समेत हो। तर पछिल्लो समय यो पेसा कुनै एउटा जाति वा समुदायको पहिचानमा मात्र सीमित रहन छाडेको छ। सीप सिकेर घरमै बसेर आम्दानी गर्न सकिने भएपछि अन्य समुदायका मानिससमेत यस पेसातर्फ आकर्षित हुन थालेका छन्।

धनुषाको धनौजी गाउँपालिका-३ स्थित कटैयागाउँ यसको उदाहरण बनेको छ। यहाँ परम्परागत रूपमा डोम समुदायसँग जोडिएको बाँसका सामग्री बनाउने पेसा अहिले विभिन्न जातजाति र समुदायका मानिसले अपनाएका छन्। मुखिया, मण्डल, यादव, चमार, मुस्लिम र साहलगायत समुदायका मानिस बाँसका सामग्री बनाउने काममा संलग्न छन्। उनीहरूका लागि यो पेसा केबल परम्परागत सीपको निरन्तरता मात्र नभई घरपरिवार चलाउने र आर्थिक उपार्जन गर्ने माध्यमसमेत बनेको छ।

स्थानीय निर्धन मुखियाका अनुसार कटैयागाउँमा विभिन्न समुदायका करिब २०० जना बाँसका सामग्री बनाउने काममा संलग्न छन्। उहाँका अनुसार गाउँमा यो पेसा कुनै एक जाति वा समुदायको मात्र नभई सबैका लागि आम्दानीको अवसर बनेको छ। "डोम समुदायले मात्र बाँसका सामग्री बुन्छन् भन्ने सोच सही होइन। सीप हुनेले जुनसुकै समुदायका मानिसले पनि यो काम गरेर आम्दानी गर्न सक्छन्", मुखियाले भन्नुभयो। परम्परागत रूपमा डोम समुदायसँग जोडिएको भए पनि बाँसका सामग्री बनाउने सीप कुनै एउटा समुदायको मात्रै नभएको उहाँको भनाइ छ।

उहाँका अनुसार कटैयामा विभिन्न समुदायका मानिसले एकअर्काबाट सीप सिक्दै यो पेसा अपनाएका हुन्। सुरुमा केही परिवारले मात्र गर्दै आएको काम विस्तारै अन्य परिवारमा पनि फैलिएको छ। बाँसका सामग्री बनाएर बिक्री गर्न सकिने र त्यसका लागि ठूलो लगानी आवश्यक नपर्ने भएकाले पनि स्थानीय बासिन्दा यसप्रति आकर्षित भएका हुन्। बाँसका सामग्री बनाउने काममा संलग्न स्थानीय अरबिन्दकुमार साह पनि यो पेसालाई जातीय पहिचानसँग जोडेर हेर्न नहुने बताउनुहुन्छ। उहाँ लामो समयदेखि बाँसको चोयाबाट ढक्कीलगायत सामग्री बनाउँदै आउनुभएको छ। उहाँका अनुसार कटैयामा डोम समुदायको तुलनामा अन्य समुदायका मानिससमेत उल्लेख्य सङ्ख्यामा यस पेसामा संलग्न छन्।

साहका अनुसार कुनै पनि काम सानो वा ठूलो हुँदैन। "त्यसै बसिरहँदा कसैले दुई रुपियाँ दिँदैन। जुनसुकै काम भए पनि लाज मान्नु हुँदैन। काम गरेर खानुपर्छ", उहाँले भन्नुभयो। उहाँका अनुसार बाँसका सामग्री बनाएर दैनिक करिब एक हजार रुपियाँसम्म आम्दानी हुने गरेको छ। कामको मात्रा, सामग्रीको प्रकार र बजारको मागअनुसार आम्दानीमा फरक पर्ने भए पनि यस पेसाबाट घरखर्च चलाउन सहयोग पुगेको उहाँले बताउनुभयो।

पर्वसँगै बढ्छ बजारको माग

कटैयागाउँमा बाँसका सामग्री बनाउनेहरूको व्यस्तता यतिबेला झनै बढेको छ। छठपर्वमा पूजाका लागि आवश्यक ढक्की, डालो, नाइलो, सुप्पालगायत सामग्रीको माग हुने हुँदा स्थानीयलाई सामग्री तयार पार्न भ्याइनभ्याइ भएको थियो। बाँसबाट बनेका सामग्रीलाई पवित्र र परम्परागत मानिने भएकाले सूर्यदेव र छठी माताको पूजा आराधनाका क्रममा बाँसबाट बनेका सामग्रीको प्रयोग गरिन्छ। पूजा सामग्री राख्नेदेखि प्रसाद र फलफूल सजाउनेसम्मका काममा ढक्की, डालो र सुप्पाको प्रयोग हुने गर्छ।

कटैयाका बासिन्दाको यो पेसा छठपर्वमा मात्र सीमित छैन। वर्षभरि बजारको मागअनुसार विभिन्न प्रकारका सामग्री उत्पादन गर्ने गरिएको छ। घरायसी प्रयोजनका लागि प्रयोग हुने ढक्की, डालो, नाइलो र अन्य सामग्रीको माग नियमित रहने गरेको स्थानीय बताउँछन्। पर्व विशेषमा बिक्री बढ्ने भए पनि अन्य समयमा पनि यस पेसाबाट आम्दानी हुने गरेको छ। उत्पादित सामग्री बिक्री गर्न स्थानीयलाई टाढाको बजारसम्म पुग्नुपर्ने बाध्यता पनि कम छ। व्यापारीहरू सामग्री खरिद गर्न गाउँमै आउने गरेका छन्। यसले उत्पादकलाई बजार खोज्न र ढुवानीमा लाग्ने अतिरिक्त खर्च कम गर्न सहयोग पुगेको छ। गाउँमै बसेर उत्पादन गर्ने र व्यापारीमार्फत बिक्री गर्ने भएकाले धेरै परिवारले यसलाई नियमित आम्दानीको स्रोत बनाएका छन्।

घरमै रोजगारी र आम्दानीको आधार

बाँसका सामग्री बनाउने काममा ठूलो उद्योग, आधुनिक मेसिन वा धेरै जनशक्ति आवश्यक पर्दैन। सामान्य औजार, बाँस र सीप भए घरमै बसेर यो काम गर्न सकिन्छ। परिवारका सदस्यले आफ्नो अनुकूल समयमा काम गर्न सक्ने भएकाले पनि ग्रामीण क्षेत्रका लागि यो पेसा उपयोगी बनेको छ। वैदेशिक रोजगारी वा अन्य व्यवसायमा जान नसक्ने तथा गाउँमै बसेर केही गर्न चाहनेका लागि बाँसका सामग्री उत्पादनले आयआर्जनको अवसर दिएको छ।

यस पेसामा संलग्न परिवारले आफ्नो अनुभव र सीपका आधारमा विभिन्न आकार तथा प्रकारका सामग्री बनाउने गरेका छन्। बजारको मागअनुसार सामग्रीको आकार, बनावट र गुणस्तरमा ध्यान दिनुपर्ने हुन्छ। ग्राहकको आवश्यकता बुझेर सामग्री तयार पार्न सके बिक्री सहज हुने स्थानीयको अनुभव छ। यस पेसालाई थप व्यवस्थित बनाउन बाँसको सहज उपलब्धता, उचित मूल्य, उत्पादनको गुणस्तर र बजार विस्तारमा ध्यान दिनुपर्ने देखिन्छ। परम्परागत सीपलाई आधुनिक बजारको आवश्यकतासँग जोड्न सके यसबाट अझ राम्रो आम्दानी लिन सकिने सम्भावना छ। स्थानीयस्तरमै सीप विकास, उत्पादन विविधीकरण र बजारीकरणमा सहयोग पुऱ्याउन सके बाँसका सामग्री बनाउने पेसा ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्नसक्छ।

सीपको सम्मान र सामाजिक परिवर्तनको सन्देश

कटैया गाउँमा विभिन्न समुदायका मानिस एउटै पेसामा आबद्ध हुनुले सामाजिक दृष्टिले पनि सकारात्मक सन्देश दिएको छ। परम्परागत रूपमा कुनै निश्चित जाति वा समुदायसँग जोडिएका पेसा अन्य समुदायले पनि अपनाउन थालेपछि पेसाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन आउन थालेको देखिन्छ। समाजमा लामो समयदेखि जात र समुदायका आधारमा पेसाको पहिचान गर्ने प्रवृत्ति रहँदै आएको छ। कतिपय पेसालाई निश्चित समुदायको कामका रूपमा हेर्ने सामाजिक सोच अझै पनि कायम छ तर कटैयाका बासिन्दाले सीप र श्रमलाई प्राथमिकता दिँदै यस्तो सोच परिवर्तन गर्न खोजेका छन्।

बाँसका सामग्री बनाउने पेसाले कटैयाका बासिन्दालाई आर्थिक आम्दानी मात्र दिएको छैन, सामाजिक रूपमा स्थापित कतिपय परम्परागत मान्यतालाई पुनर्विचार गर्नसमेत प्रेरित गरेको छ। धनौजी गाउँपालिका अध्यक्ष राजकुमार साहका अनुसार कटैयागाउँको यो अभ्यासले परम्परागत पेसा र सीपलाई जातीय घेराभन्दा माथि उठाएर हेर्नुपर्ने सन्देश दिएको छ। उहाँले भन्नुभयो, "कुनै पनि पेसा सानो वा ठूलो हुँदैन, त्यसमा लाग्ने सीप, मेहनत र इमानदार प्रयास नै महत्वपूर्ण हुन्छ भन्ने उदाहरण यहाँका बासिन्दाले प्रस्तुत गरेका छन्।" उहाँले बाँसको चोयाबाट सामग्री बुनेर जीवनयापन गरिरहेका उनीहरूको प्रयासले स्थानीय स्रोतसाधनको उपयोग, स्वरोजगार र सामाजिक सद्भावलाई एकसाथ जोडेको बताउनुभयो।

विद्यालयीकरणको ...

विषयमा पोस्टडक्टरल कार्यक्रमको घोषणा पनि गरिसिकिएको छ।

कुसोडमा हाम्रा अनुसन्धानहरूमा प्रारम्भिक बाल्यकालमा विद्यालयीकरणको प्रभावले स्वाभाविक प्राकृतिक खेल, जिज्ञासा र सर्वाङ्गीण विकासलाई प्राथमिकता दिनुको सट्टा सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाल्ने अभ्यासलाई परेको असर के कस्तो छ भन्ने छ। अनुसन्धानको अर्को पक्ष अत्यधिक गृहकार्य र प्राप्ताङ्कमा आधारित नतिजामुखी दबाबले बालबालिकामा कलिलै उमेरमा मानसिक तनाव, चिन्ता र असफलताको भय कसरी पैदा गराउँछ भन्ने हो। नेपाली लोककथा, स्थानीय खेल र मातृभाषा ओझेलमा पर्दा भाषिक तथा सांस्कृतिक पहिचानको क्षय भइरहेको कुरालाई अनुसन्धानको लागि विषय बनाइएको छ।

नेपाल-केन्द्रित इसिइडीका लागि तीन आधारभूत रणनीति

विद्यालयीकरणलाई परास्त गर्न र नेपाल केन्द्रित प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षा निर्माण गर्न निम्न तीनवटा अन्तरसम्बन्धित रणनीतिहरू आवश्यक पर्दछन्:

क. खेल-आधारित, बाल-नेतृत्व र स्थानीय सन्दर्भमा आधारित सिकाइ

इसिइडीका लागि तयार पाठ्यपुस्तकको ठाउँमा कथा, गीत, स्थानीय खेल, बालुवा-पानीको खेल, र प्रकृति-अन्वेषणले भरिएको हुनुपर्छ। बालबालिकाले आफ्ना जिज्ञासाबाट सिक्न पाउनुपर्छ। शिक्षकको भूमिका निर्देशक होइन, सहजीकरणकर्ताको हुनुपर्छ। डिएपीले बालबालिकाको उमेर, विकासस्तर र सांस्कृतिक पृष्ठभूमिलाई सिकाइको केन्द्रमा राख्छ। यसका लागि शिक्षकहरूलाई मात्र होइन, अभिभावक र समुदायलाई समेत 'खेल नै सिकाइ हो' भन्ने कुरामा विश्वस्त बनाउनुपर्छ।

ख. स्थानीय ज्ञान र सांस्कृतिक सन्दर्भलाई पाठ्यक्रमको केन्द्रमा राख्ने

नेपाली समाजको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय यथार्थलाई इसिइडी पाठ्यक्रममा समेट्नुपर्छ। स्थानीय लोककथा, मौलिक खेल, चाडपर्व, र सामुदायिक ज्ञान प्रणालीलाई सिकाइ सामग्रीका रूपमा प्रयोग गर्दा बालबालिकाले आफ्नो पहिचानसँग जोडिएर सिक्न पाउँछन्। समुदायसँगको सहकार्यमा विकास गरिएको पाठ्यक्रमले यस दिशामा महत्वपूर्ण कोसेढुङ्गा प्रदान गरेको छ, तर यसलाई थप गहिरो बनाउँदै स्थानीयस्तरमा 'नेपाली इसिइडी मोडेल' विकास गर्नुपर्छ। हाम्रो अनुसन्धान कार्यक्रमले पनि इसिइडी पाठ्यक्रम विकास र कार्यान्वयनजस्ता विषयहरूलाई प्राथमिकता दिएको छ।

ग. नीतिगत सुधार, नियमन र अभिभावक सचेतना

प्रारम्भिक बाल विकासको तथा प्रारम्भिक बाल शिक्षाको उद्देश्य, खेलको महत्व, र औपचारिक पढाइको जोखिमबारे अभिभावक र समुदायमा व्यापक अभियान चलाउनुपर्छ। नीति निर्माताहरूले प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षालाई 'प्राथमिक विद्यालयको तयारी' होइन, 'बालबालिकाको अधिकार' का रूपमा हेर्नुपर्छ।

अनुसन्धान, अभ्यास र नीतिबीचको सम्बन्ध स्थापना

नेपाल-केन्द्रित इसिइडी निर्माणका लागि अनुसन्धानलाई शैक्षिक कार्यक्रमको सहायक गतिविधिका रूपमा मात्र नभई ज्ञान निर्माण र अभ्यास रूपान्तरणको आधारका रूपमा विकास गर्नुपर्छ। यसका लागि विभिन्न भौगोलिक, भाषिक, सांस्कृतिक र सामाजिक परिवेशमा बालबालिकाले कसरी सिक्छन्, खेल्छन्। सम्बन्ध निर्माण गर्छन् र आफ्नो संसारलाई अर्थ दिन्छन् भन्ने विषयमा निरन्तर अनुसन्धान आवश्यक छ। बालबालिका, अभिभावक, सहजकर्ता र समुदायका अनुभवलाई अनुसन्धानको केन्द्रमा राख्दै स्थानीय अभ्यासहरूको दस्तावेजीकरण, विश्लेषण र पुनःव्याख्या गर्नुपर्छ। अनुसन्धानबाट प्राप्त ज्ञानलाई पाठ्यक्रम विकास, शिक्षक तथा सहजकर्ता तयारी, अभिभावक शिक्षा र नीतिगत सुधारमा जोड्नुपर्छ।

बाल्यकाललाई फिर्ता दिने नैतिक दायित्व

विद्यालयीकरणले नेपालको इसिइडीलाई एउटा मौन सङ्कटमा पुऱ्याएको छ। यसले बाल्यकाललाई 'हतार' मा छोटो अवधिमा परिणत गर्दै छ, सिकाइको आनन्दलाई औपचारिकताको भारमा बदल्दै छ, र प्रारम्भिक वर्षदेखि नै गलत शिक्षाको जरा गाड्दैछ तर यो अवस्था अपरिवर्तनीय छैन। काठमाडौँ विश्वविद्यालयले इसिइडीमा स्नातकदेखि पोस्टडक्टरल कार्यक्रमहरू स्थापना गरेर, समुदायसँगको सहकार्यमा सन्दर्भमुखी पाठ्यक्रम विकास गरेर र विभिन्न मञ्चहरूबाट विद्यालयीकरणको आलोचनात्मक बहसलाई अगाडि बढाएर एउटा वैकल्पिक बाटो देखाउने प्रयत्न गरेको छ। यस दिशामा निजी, सरकारी र सामुदायिक क्षेत्रसँग सहकार्य गर्दै यो परिवर्तनको प्रकृयालाई व्यवहारमा उतार्ने इच्छाशक्ति, संस्थागत प्रतिबद्धता र सामुदायिक सहभागिताको आवश्यकता छ। (लेखकत्रय काठमाडौँ विश्वविद्यालयमा प्राध्यापनरत हुनुहुन्छ।)

विश्व समाचार

त्रिपक्षीय शिखर सम्मेलन उपयोगी हुने पुटिनको अपेक्षा

सेन्जेन (चीन), २ मङ्सिर (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने त्रिपक्षीय शिखर सम्मेलनले प्रमुख शक्तिबीचको सम्बन्ध सुधार्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा व्यक्त गर्नुभएको छ।

बुधबार चीनको सेन्जेनमा आयोजित एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले बिहीबार हुने तीन देशका नेताबीचको पहिलो त्रिपक्षीय बैठक अत्यन्त उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

पुटिनले वर्तमान विश्वमा बढ्दो सैन्य तथा राजनीतिक जोखिम र विश्व अर्थतन्त्रमा देखिएको विभाजनका बीच आपसी सहकार्य र संवादको आवश्यकता रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "विभाजनभन्दा एकता, आधिपत्यभन्दा समानता, अलगावभन्दा साझेदारी र अल्टिमेटमभन्दा संवादलाई प्राथमिकता दिनुपर्छ।"

यसैबीच, सन् २०२२ मा युक्रेनमाथि रुसले आक्रमण गरेपछि मस्कोमाथि पश्चिमी मुलुकहरूले लगाएका आर्थिक प्रतिबन्ध असफल भएको पुटिनले दाबी गर्नुभयो। रुसले ती प्रतिबन्धको सामना गर्दै सम्मानपूर्वक आफ्नो अवस्था कायम राखेको उहाँको भनाइ थियो।

खुला व्यापारमा एसियाली नेताहरूको जोड

सेन्जेन (चीन), २ मङ्सिर (रासस/एपी)।

चीनका राष्ट्रपति सी जिनपिङसहित एसिया-प्रशान्त क्षेत्रका नेताहरूले खुला व्यापार, निष्पक्ष प्रतिस्पर्धा र समावेशी विकासलाई प्राथमिकता दिन आग्रह गर्नुभएको छ। उहाँहरूले व्यापार तथा लगानीका अवरोध घटाउँदै क्षेत्रीय सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको हो।

सेन्जेनमा आयोजित एपेक व्यवसायी सम्मेलनमा राष्ट्रपति सीले चीनले बजार पहुँच विस्तार र भन्सार शुल्क घटाउँदै व्यापारसम्बन्धी नियममा सुधार गर्ने बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय व्यापारमा स्थिरता र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

अमेरिका र चीनबीच भन्सार शुल्क तथा उन्नत प्रविधिको पहुँचलाई लिएर मतभेद कायम रहेका बेला सीले खुला व्यापारको पक्षमा धारणा राख्नुभएको हो। यसैबीच, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले चीनसँग पारस्परिक कर घटाउने सहमति गर्नुभएको छ। मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले ठूला अर्थतन्त्रले साना देशमाथि आफ्ना नीति थोपर्न नहुने बताउनुभएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले प्रतिबन्ध, शुल्क र निर्यात नियन्त्रणको प्रभावकारितामाथि प्रश्न उठाउँदै एसिया-प्रशान्त क्षेत्रसँग आर्थिक सम्बन्ध विस्तार रुसको प्राथमिकता रहेको बताउनुभयो। रुसले सन् २०३५ मा एपेकको अध्यक्षता गर्ने प्रस्तावसमेत गरेको छ।

एपेकका २१ सदस्यले विश्वको ६० प्रतिशत आर्थिक गतिविधि र आधा व्यापार हिस्सा ओगट्छन्। बिहीबार हुने नेताहरूको बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, पुटिन र सीबीच त्रिपक्षीय भेटवार्ता हुने अपेक्षा गरिएको छ।

एआईमा सहकार्य बढाउन सीको आग्रह

सेन्जेन (चीन), २ मङ्सिर (रासस/एएफपी)।

चिनियाँ राष्ट्रपति सी जिनपिङले कृत्रिम बौद्धिकता (एआई), डिजिटल अर्थतन्त्र र स्वतन्त्र व्यापारमा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्न आह्वान गर्नुभएको छ। उहाँले एसिया-प्रशान्त क्षेत्रमा साझा समृद्धिका लागि व्यापार तथा लगानीका अवरोध हटाउनुपर्नेमा पनि जोड दिनुभएको छ।

सेन्जेनमा बुधबार एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) बैठक उद्घाटन गर्दै सीले वैज्ञानिक नवप्रवर्तन, एआई र हरित विकासमा साझेदारी बढाउन आग्रह गर्नुभयो। उहाँले चीनले विदेशी लगानी तथा व्यवसायका लागि बजार पहुँच विस्तार गर्ने बताउनुभयो।

सीको यो आग्रह अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बिहीबार हुने अपेक्षित भेटवार्ताको पूर्वसन्ध्यामा आएको हो। दुई देशबीच व्यापार तनाव बढिरहेका बेला अमेरिकाले एआईका मोडेल प्रशिक्षण र सञ्चालनमा प्रयोग हुने उन्नत चिप्स चीन निर्यातमा थप प्रतिबन्ध लगाएको छ। चीनले भने अमेरिकी शुल्कको जवाफमा प्रतिकारात्मक कदम चालेको छ।

गत वर्ष एपेक बैठकका क्रममा भएको व्यापार युद्ध रोक्ने अस्थायी सहमति आगामी जनवरीमा समाप्त हुँदैछ। यसैबीच, एनभिडियाले बुधबार उल्लेखनीय आम्दानी सार्वजनिक गरे पनि कम्पनीका पूर्वप्रमुख जेन्सेन हुआङको चीनका लागि जासुसी गरेको आशङ्का गरिएकी महिलासँगको सम्बन्धसम्बन्धी विवादले समाचारमा स्थान पाएको छ।

प्रधानमन्त्री शाहको भारत भ्रमण तयारी गरिँदै

काठमाडौँ, २ मंसिर (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणको तयारी तीव्र पारिएको छ। उहाँ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा यही मङ्सिर ६ गते भारतको दुईदिने औपचारिक भ्रमणमा जाँदै हुनुहुन्छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले प्रधानमन्त्री शाहको भारत भ्रमणको तयारी मन्त्रालयले तीव्र रूपमा गरिरहेको जानकारी दिनुभयो। "विषयगत रूपमा आन्तरिक तयारी तीव्र पारिएको छ, भ्रमणका विषयमा विस्तृत जानकारी मन्त्रालयले छिट्टै सार्वजनिक गर्नेछ", प्रवक्ता क्षेत्रीले भन्नुभयो।

भ्रमणका क्रममा दुई देशबीच कनेक्टिभिटी विस्तारमा जोड दिइनेछ। साथै विकास सहायता, पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउनेलगायत विषयमा छलफल हुने जनाइएको छ।

भ्रमणमा हवाई कनेक्टिभिटी विस्तार, नेपाललाई थप हवाई प्रवेश बिन्दु उपलब्ध गराउने, रेलवे तथा सडक सञ्जाल विस्तार र ऊर्जा क्षेत्रको पूर्वाधार विकासका एजेन्डा प्राथमिकतामा रहने बुझिएको छ।

रेलवे कनेक्टिभिटीअन्तर्गत जनकपुर-अयोध्या रेलवेको शुभारम्भ, जयनगर-जनकपुर रेलसेवालाई बर्दिबाससम्म विस्तार गर्ने, रक्सौल-काठमाडौँ रेलमार्गको सम्भावना तथा अन्य रेलवे सम्पर्क विस्तारका विषयमा सहमति हुने अपेक्षा गरिएको छ।

त्यस्तै, सडक तथा पुल निर्माण, एकीकृत जाँच चौकी (आइसीपी) निर्माण र विद्युत् प्रसारण लाइन विस्तारका विषय पनि छलफलको एजेन्डामा रहनेछन्।

विपद्पछिको पुनर्निर्माणमा भारतीय सहयोग तथा विकास निर्माणका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा पनि भ्रमणका क्रममा छलफल हुनेछ। विशेषगरी भारतीय सहयोगमा नेपालमा सञ्चालित आयोजनाहरूको समीक्षा, सम्पन्न भएका आयोजनाको उद्घाटन र हस्तान्तरण तथा निर्माणाधीन आयोजनालाई शीघ्र सम्पन्न गर्ने विषयमा छलफल हुने बताइएको छ।

त्यसैगरी, केही नयाँ विकास आयोजना सुरु गर्ने विषयले पनि भ्रमणका क्रममा प्राथमिकता पाउने अपेक्षा गरिएको छ। भारतीय सहयोगमा नेपालमा निर्माणाधीन परियोजनाको निर्माणलाई तीव्रता दिने र नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठानजस्ता सम्पन्न आयोजनाको उद्घाटन तथा हस्तान्तरणको विषय पनि सम्भावित एजेन्डाको सूचीमा रहेको बुझिएको छ।

भ्रमणका अवसरमा दुई देशबीचको पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा समेत छलफल हुनेछ। दुई देशबीच नागरिकस्तरमा सम्बन्ध विस्तार, सीमापार भुक्तानी प्रणालीलाई थप सहज र प्रभावकारी बनाउने विषय पनि छलफलमा समेटिने सम्भावना छ।

प्रधानमन्त्री शाहको भ्रमणको तयारीकै सिलसिलामा भारतका विदेशसचिव विक्रम मिश्रीले गत कात्तिक १८ र १९ गते नेपालको औपचारिक भ्रमण गर्नुभएको थियो। सो अवसरमा उहाँले प्रधानमन्त्री शाह र केही मन्त्रीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो।

साथै भ्रमणको पूर्वसन्ध्यामा दुवै देशले रिक्त रहेका आ-आफ्ना राजदूत नियुक्त गरिसकेका छन् भने नवनियुक्त राजदूतहरूले पनि आफ्नो स्तरमा भ्रमणको तयारी थालिसकेका सम्बन्धित दूतावासले जनाएका छन्।

प्रधानमन्त्री शाहले गत चैत १३ गते आफ्नो जिम्मेवारी सम्हालेपछि गत असोज ६ गते संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा भाग लिन पहिलोपटक विदेश भ्रमण गर्नुभएको थियो।

त्यस्तै उहाँको आसन्न भारत भ्रमण प्रधानमन्त्री भएपछि छिमेकी मुलुकको पहिलो औपचारिक भ्रमण हुनेछ।

इन्टरनेट सेवा प्रदायकलाई दूरसञ्चार प्राधिकरणको निर्देशन

काठमाडौँ, २ मंसिर (रासस)।

दूरसञ्चार सेवा दस्तुर (टीएससी) दाखिलासम्बन्धी विवरण तथा आवश्यक कागजात १० दिनभित्र पेस गर्न अनुरोध गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट (इमेलसहित) सेवा प्रदायकलाई उक्त निर्देशन भएको हो। प्राधिकरणले आर्थिक ऐन, २०८३ को व्यवस्था कार्यान्वयन गर्ने क्रममा दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरी सेवा प्रदान गरिरहेका सबै इन्टरनेट सेवा प्रदायकलाई यस्तो निर्देशन दिएको हो।

प्राधिकरणले बुधबार सार्वजनिक सूचनामार्फत आर्थिक वर्ष २०८२/८३ र चालू आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म नेपाल सरकारको राजस्व खातामा दाखिला गरेको दूरसञ्चार सेवा दस्तुरसँग सम्बन्धित विवरण माग गरेको हो।

आर्थिक ऐन, २०८३ को दफा ८ को उपदफा (५) मा दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार प्राधिकरणले सेवा प्रदायकबाट दस्तुर दाखिलासम्बन्धी विवरण माग गरेको प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले राससलाई जानकारी दिनुभयो।

प्राधिकरणले सेवा प्रदायकलाई मासिक रूपमा इन्टरनेट बिक्रीबापत प्राप्त आय, मर्मत सम्भारबापतको आय, उपकरण बिक्रीबापतको आय र अन्य आयको छुट्टाछुट्टै विवरण पेस गर्न भनेको छ।

त्यसैगरी, ती सबै शीर्षकको कुल आय, दाखिला गरिएको दूरसञ्चार सेवा दस्तुरको रकम र दाखिला गरेको मितिसमेत खुलाउनुपर्नेछ। तोकिएको समयभन्दा ढिलो गरी दस्तुर दाखिला गरेको भए त्यसबापत बुझाइएको ब्याजको रकमसमेत विवरणमा उल्लेख गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

साथै, प्राधिकरणले सेवा प्रदायकलाई प्रत्येक महिनाको आय तथा त्यसमा लाग्ने दूरसञ्चार सेवा दस्तुर दाखिला भए वा नभएको अवस्था स्पष्ट हुनेगरी विवरण उपलब्ध गराउन भनेको छ। यसबाट सेवा प्रदायकले प्राप्त गरेको आय, सरकारलाई दाखिला गर्नुपर्ने दस्तुर र वास्तविक रूपमा दाखिला भएको रकमबीचको अवस्था परीक्षण गर्न सकिनेछ।

आर्थिक ऐन, २०८३ को दफा ८ अनुसार टेलिफोन, मोबाइल, इन्टरनेटलगायतका दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको १० प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुरबापत असुल गर्नुपर्ने व्यवस्था छ।

यद्यपि, दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमतिप्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरेबापत तिर्नुपर्ने शुल्क अर्थात् इन्टरकनेक्सन चार्जमा यस्तो दस्तुर लाग्ने छैन। त्यस्तै, फिक्स्ड ब्रोडब्यान्ड सेवा शुल्कको ५० प्रतिशतसम्मको मर्मतसम्भार शुल्कमा पनि दूरसञ्चार सेवा दस्तुर नलाग्ने व्यवस्था ऐनमा छ।

आर्थिक ऐनको उपदफा (३) अनुसार सेवा प्रदायकले ग्राहकबाट असुल गरेको दूरसञ्चार सेवा दस्तुर अर्को महिनाको २५ गतेभित्र नेपाल सरकारको राजस्व खातामा दाखिला गरिसक्नुपर्नेछ। तोकिएको अवधिभित्र दस्तुर दाखिला नगरेमा सम्बन्धित व्यक्ति वा संस्थाबाट बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले ब्याज लगाई असुल गर्ने व्यवस्था ऐनमा गरिएको छ।

दूरसञ्चार सेवा दस्तुरसम्बन्धी व्यवस्थाको कार्यान्वयन तथा प्रशासनिक प्रक्रियालाई व्यवस्थित बनाउने उद्देश्यले प्राधिकरणले सेवा प्रदायकसँग आय र राजस्व दाखिलाको विस्तृत विवरण माग गरेको हो।

स्रोत नखुलेको नगदसहित तीन जना पक्राउ

काठमाडौँ, २ मंसिर (रासस)।

ललितपुर महानगरपालिका-४ नख्खु दोबाटो चोकबाट स्रोत नखुलेको नगद रु एक करोड ६७ लाख ३३ हजार २३० सहित तीन जनालाई मङ्गलबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा ललितपुर गोदावरी नगरपालिका-१० चापागाउँ बस्ने ३२ वर्षीय जयराम केसी, काठमाडौँ कोटेश्वर बस्ने भोजपुर नगरपालिका-३ घर भएका ३१ वर्षीय दीपक खड्का र काठमाडौँ बत्तीसपुतली बस्ने काठमाडौँ महानगरपालिका-१० बानेश्वर घर भएका २९ वर्षीय प्रज्वल रिजाल रहेका छन्।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले सानेपाबाट सातदोबाटोतर्फ जाँदै गरेको बागमती प्रदेश०१-०२७च २७६५ नम्बरको गाडीलाई तलासी गर्दा उक्त नगद फेला पारी गाडीमा सवार उनीहरूलाई पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

त्यसैबीच, ललितपुर महानगरपालिका-२९ बस्ने २८ वर्षीय रवीन्द्र मगरातीलाई मङ्गलबार प्रहरीले पक्राउ गरेको छ। वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी रोमानिया र बेलारूस पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा मगरातीलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जानकारी दिएको छ।

रवीन्द्रले पाँच जनाबाट रु चार लाख २० हजार लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काटमाडौँ महानगरपालिका-२९ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ।

काठमाडौंलाई चौबिसै घण्टा खुला गर्न तयारी गरिँदै

काठमाडौँ, २ मंसिर (रासस)।

मुलुकको सङ्घीय राजधानी काठमाडौँलाई चौबिसै घण्टा खुला गर्ने योजनासहित जिल्ला प्रशासन कार्यालयले आवश्यक तयारी अगाडि बढाएको छ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले एक सूचना जारी गरी काठमाडौँलाई सुरक्षित, व्यवस्थित र व्यवसायमैत्री बनाउँदै चौबीसै घण्टा सञ्चालन गर्न सकिने वातावरण निर्माणका लागि आवश्यक तयारी भइरहेको जानकारी दिनुभएको छ।

राजधानीको प्रमुख पर्यटकीय तथा व्यापारिक क्षेत्र ठमेल र दरबारमार्गलाई यसअघि नै २४ घण्टा खुला गरिसकिएको छ। विस २०८१ वैशाख १ गते तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको उपस्थितिमा ती स्थानलाई २४सै सञ्चालन गरिएको थियो।

काठमाडौँ देशको अत्यन्त महत्त्वपूर्ण स्थान भएकाले जिल्लाभरि भरपर्दो सुरक्षा व्यवस्थापनसहित सडक यातायात, स्वास्थ्य सेवा, विद्युत्, इन्टरनेट, सिसीटिभी, सडक बत्तीलगायतका न्यूनतम पूर्वाधार व्यवस्थित गर्ने काम भइरहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो।

त्यस्तै यातायात, व्यवसाय, व्यापार, स्वास्थ्य क्षेत्र, आपूर्ति व्यवस्था र सुरक्षाको भरपर्दो प्रबन्ध गरी २४ घण्टा खुला गर्ने अभियानलाई रणनीतिक रूपमा अघि बढाइएको जिल्ला प्रशासन कार्यालय काठमाडौँले जनाएको छ।

काठमाडौँ जिल्लाभित्र व्यापार, व्यवसाय तथा बजार क्षेत्रसमेत २४सै घण्टा सञ्चालन गर्ने विषयमा स्थानीय तह, विभिन्न निकाय, यातायात व्यवसायी तथा निजी क्षेत्रसँग समन्वय र छलफल गरिने जनाइएको छ।

एउटै चुनाव चिह्न प्रयोग गर्न पाउने वा नपाउने विषयमा निर्वाचन आयोगसँग परामर्श

दैनिक समाचारदाता
राजविराज, २ मंसिर।

अग्रगामी मोर्चाले स्थानीय तह निर्वाचनमा एउटै चुनाव चिह्न प्रयोग गर्न पाउने वा नपाउने विषयमा निर्वाचन आयोगसँग परामर्श गरेको छ।

स्थानीय निर्वाचनको तयारी र एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न सकिने कानुनी व्यवस्थाबारे जानकारी लिन मोर्चाका प्रतिनिधि बुधबार आयोग पुगेको हो।

जनता समाजवादी पार्टी नेपालका महासचिव डा. सुरेन्द्र झाले स्थानीय तह निर्वाचनमा एउटै चुनाव चिह्न प्रयोग गर्न मिल्छ कि मिल्दैन भन्ने विषयमा छलफल भएको बताए। मोर्चामा आबद्ध दलमध्ये कुनै एक दलको चुनाव चिह्न प्रयोग गर्न मिल्ने वा नयाँ चुनाव चिह्न लिनुपर्ने विषयमा पनि परामर्श गरिएको उनले जानकारी दिए।

झाका अनुसार आयोगले यस विषयमा कानुनी व्यवस्था अध्ययन गरेर मात्र सुझाव दिन सकिने जनाएको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न सकिने व्यवस्था भए पनि स्थानीय तह निर्वाचनमा त्यस्तो व्यवस्था स्पष्ट नभएको आयोगको भनाइ छ। अग्रगामी मोर्चा ९ राजनीतिक दल मिलेर बनेको हो।

देशका विभिन्न भागबाट लागुऔषधसहित २१ जना पक्राउ

काठमाडौँ, २ मंसिर (रासस)।

निर्यमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित २१ जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार बर्दिया, कञ्चनपुर, सुनसरी, दाङ, कैलाली, झापा, मकवानपुर, चितवन, ललितपुर र मोरङबाट उनीहरू पक्राउ परेका हुन्।

बर्दियाको गुलरिया नगरपालिका-११ लालपुरबाट एक जना, कञ्चनपुरको लालझाडी गाउँपालिका-६ चान्देउबाट दुई जना र सोही गाउँपालिकाको अर्को स्थानबाट दुई जना पक्राउ परेका हुन्।

त्यसैगरी, सुनसरीको कोशी गाउँपालिका-१ लौकहीबाट दुई जना, धरान उपमहानगरपालिका-८ गैरीगाउँबाट एक जना र सोही उपमहानगरपालिकाको दुर्गापथबाट एक जना पक्राउ परेका हुन्।

दाङको तुलसीपुर उपमहानगरपालिका-५ रानीजरुवाबाट एक जना, कैलालीको भजनी नगरपालिका-३ सरदार चोकबाट एक जना, झापाको बिर्तामोड नगरपालिका-८ बाट एक जना र मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्मारक रोडबाट एक जना पक्राउ परेका हुन्।

यसैगरी, चितवनको भरतपुर महानगरपालिका-११ मनकामना टोलबाट चार जना, ललितपुरको गोदावरी नगरपालिका-८ बागमती पुलनजिकबाट एक जना तथा मोरङको रङ्गेली नगरपालिका-४ चोप्राहा बोर्डरबाट तीन जना पक्राउ परेका हुन्।

अभियुक्तहरूबाट खैरो हेरोइन, गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोललगायत औषधि पनि बरामद भएको छ।

बाल विवाहलाई ...

व्यवस्थामा पनि सुधार गर्नुपर्ने सुझाव दिइएको थियो। उनीहरूलाई कसूरदार नभई पीडितका रूपमा हेर्नुपर्ने र बालविवाहका कारण उनीहरूमा पर्ने असर कम गर्न उपयुक्त व्यवस्था गर्नुपर्नेमा जोड दिइएको थियो।

त्यस्तै, बालविवाह गरेका बालबालिकाको शिक्षा तथा समग्र विकासका अधिकार सुनिश्चित गर्न र बालबालिकाविरुद्धका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक उपाय अवलम्बन गर्न सुझाव दिइएको थियो। कार्यक्रममा इक्विलिटी नाउकी दक्षिण एसिया सूचना अधिकृत आकांक्षा सक्सेनाले कानुन निर्माण र कार्यान्वयनले मात्र समाज परिवर्तन नहुने बताउनुभयो। समाज परिवर्तनका लागि चेतनाको स्तर अभिवृद्धि पनि उत्तिकै महत्वपूर्ण रहेको उहाँको भनाइ थियो। अधिवक्ता दिद्वीक्षा सिंहले बालविवाहसम्बन्धी विभिन्न तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*